# मर्मत संभार कोष संचालन निर्देशिका

२०७६

**बिजयनगर गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय

**पिपरी, कपिलबस्तु**

# मर्मत संभार कोष संचालन निर्देशिका, २०७६

## बिजयनगर गाउँपालिका, कपिलबस्तु

बिजयनगर गाउँपालिकाको बैठकबाट स्वीकृत मिति ........................

**प्रस्तावना :** सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि भौतिक पुर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । भौतिक पुर्वाधारलाई मर्मत, संहार र दिगो गर्नको लागि मर्मत सम्भार कोष स्थापना गर्नु पर्ने आवश्यक भएको हुँदा स्थानिय सरकार संचालन ऐन, २०७४ प्रयोग गरी यो मर्मत सम्भार कोष संचालन निर्देशिका २०७६ तयार गरिएको हो ।

### परिच्छेद - १

### संक्षिप्त नाम र प्रारम्भ :-

१.१ यो निर्देशिको नाम मर्मत सम्भार कोष संचालन निर्देशिका २०७६ रहने छ ।

१.२ यो निर्देशिका गाँउपालिकाको सभाले पारित गरे पछि लागू हुनेछ ।

परिच्छेद - २

परिभाषा

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) " निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७६ सम्झनु पर्छ ।

(ख) "गाँउपालिका" भन्नाले बिजयनगर गाँउपालिका सम्झनु पर्छ ।

(ग) "सचिव" भन्नाले गाँउपालिका सचिव तथा प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(घ) "स्थानिय तह " भन्नाले गाँउपालिकालाई सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले गाऊँ टोल आदि क्षेत्रमा सञ्चालन हुने आयोजनावाट प्रत्यक्ष सेवा पुग्ने समूहवाट उक्त योजना संचालन गर्न वनेको समितिलाई सम्झनु पर्छ ।

(च) "भुक्तानी रकम" भन्नाले निर्माण भएको भौतिक पुर्वाधारको भुक्तानी हुँदा गाँउपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिता समेतको रकमलाई जनाउंछ ।

## परिच्छेद - ३

## व्यवस्थापन समिती

३.१ व्यवस्थापन समितिको गठन :-

क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ :-

| | | |
|---|---|---|
| १. | गाँउपालिका अध्यक्ष | संयोजक |
| २. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३. | लेखा प्रमुख | सदस्य |
| ४. | प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिको वैठक कम्तिमा ४ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ ।

ग) वैठक बसेको वखत वैठक भत्ता स्था.नि. आ. प्र. सम्वन्धी नियमावली अनुसार हुने छ ।

घ) वैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ ।

३.२ व्यवस्थापन समितीको काम कर्तव्य र अधिकार :-

क) व्यवस्थापन समितीको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ ।

१. गाउँपालिका मा रहेका सडकहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम वनाउने ।

२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।

३. मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायको खोजी गर्ने ।

४. भौतिक पुर्वाधार मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत्सम्वन्धि कार्य योजना वनाउने ।

५. भौतिक पुर्वाधार मर्मत सम्भार कार्यलाई प्रभावकारी वनाउने ।

६. भौतिक पुर्वाधार  मर्मत सम्भार समवन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

## परिच्छेद - ४

## कोष स्थापना

४. मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ जसमा देहाय वमोजिमको रकम जम्मा हूने छ :-

(१) नेपाल सरकारवाट मर्मत संभार कोषको लागि भनी तोकी दिएको रकम ।

(२) स्थानीय निकायवाट मर्मत संभारको लागि प्राप्त रकम ।

(३) स्थानीय गैह्र सरकारी संघ संस्थावाट मर्मत संभारको लागि प्राप्त रकम ।

(४) अन्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थावाट मर्मत संभारको लागि प्राप्त रकम ।

(५) गाँउपालिकाबाट संचालन भएको रु.५,००,०००।- भन्दा माथिका सडक निर्माण कार्यक्रमको भुक्तानी हुँदा भुक्तानी रकमको २ प्रतिशतले हुने रकम ।

(६) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकी दिएको रकम ।

४.१ कोष सञ्चालन :-

(क) कोषको नाममा प्राप्त हून आएको रकम बिजयनगर गाँउपालिका कार्यालयको मर्मत सम्भार कोष नामको खाता खोली जम्मा गरिने छ।

(ख) कोषको खाता कार्यकारी अधिकृत र लेखा शाखाको प्रमुखको संयूक्त दस्तखतवाट सञ्चालन हुनेछ।

(ग) कोषको आन्तरिक लेखा परिक्षण गाँउपालिकाको आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ।

(घ) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ।

## परिच्छेद - ५

## कोषको खर्च प्रणाली

५. कोषवाट हुने खर्च :- मर्मत सम्भार कोषमा जम्मा हून आएको रकम देहाय वमोजिमको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिने छ।

१. भौतिक पुर्वाधारहरु नियमित मर्मत सम्भार।

२. भौतिक पुर्वाधारहरु पटके मर्मत सम्भार।

३. भौतिक पुर्वाधारहरु आवधिक मर्मत सम्भार।

४. आकस्मिक मर्मत सम्भार।

## परिच्छेद -६

६. मर्मत सम्भार कार्य गराउने व्यवस्था :-

गाँऊपालिका भित्र रहेका भौतिक पुर्वाधार नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्तावाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । उपभोक्ता समितीवाट कार्य गराउदा गाँउपालिकावाट स्वीकृत उपभोक्ता समिती निर्देशिका अनुसार गरिने छ । भौतिक पुर्वाधारको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार कार्यालय आफैले पनि स्थानीय निकाय आ.प्र. सम्वन्धी नियमावली वमोजिम गर्न सक्ने छ ।

## परिच्छेद - ७

विविध :-

७.१ मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा गाँउसभावाट हुनेछ ।

७.२ यो निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

७.३ यस निर्देशिकामा लेखिएका कूराहरु प्रचलित स्थानीय सरकार संचालन संबन्धि ऐन संग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन्।